मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २५ गते बुधबार ❑ 10 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## देशका प्रमुख भवनमा तोडफोड र आगजनी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भाद्र

काठमाडौँ उपत्यकासहित देशका विभिन्न ठाँउमा प्रदर्शनकारीबाट भएको आक्रमणको निशानामा देशको प्रमुख प्रशासनिक केन्द्र सिहदरबारलगायत महत्वपूर्ण भवन र संरचना क्षति भएका छन् ।

काठमाडौँ बानेश्वरसहितका स्थानमा जेन्सी समूहबाट आयोजित प्रदर्शनपछि भड्किएको घटना र आगजनीमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका मुख्य भवन जलेका हुन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भवन, रामशाहपथस्थित सर्वोच्च अदालत र नयाँ बानेश्वरस्थित सङ्घीय संसद् आगलागीबाट ध्वस्त भएको छ। प्रदर्शनकारीले रामशाहस्थित महान्यायाधीवक्ताको





कार्यालय तथा ट्राफिक कार्यालयसमेत आगजनी गरेका छन् । प्रदर्शनीकारीबाट नेकपा(एमाले) अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा(माओवादीकेन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तथा पूर्वप्रधानमन्त्री झलनाथ खनाललगायतका निवासमा तोडफोड र आगजनी गरिएको छ । एमालेका नेता गोकुल बास्कोटा, महेश्व बस्नेत, महेश बर्तौलालगायतका निवासमा पनि आगजानी र तोडफोड भएको छ । आन्दोलनकारीले केही नेताहरूलाई पनि हातपात गरेको सूचना प्राप्त भएको छ। देशका मुख्य शहरहरूका महत्वपूर्ण भौतिक संरचना र निवासमा पनि आन्दोलनकारीबाट क्षति पुऱ्याइएको छ। जेन्जी पुस्ताको प्रदर्शनीमा प्रहरी कारवाहीमा होनाहार १९ युवा मारिएपछि प्रदर्शनीले उग्ररूप धारणा गरेको थियो ।

## पोखराका अधिकांश कार्यालयमा तोडफोड तथा आगजनी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भाद्र

जेनजी आन्दोलनका कारण गण्डकी प्रदेशको राजधानी पोखरामा मंगलबार अधिकांश सरकारी कार्यालयमा आगजनी तथा तोडफोड भएको छ।

पोखरामा दिनभर कर्फ्यु आदेश भए पनि आन्दोलनकारीहरूले प्रदर्शन जारी राखेका थिए।

प्रदर्शनका क्रममा पोखरा महानगरपालिका, मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय, गण्डकी प्रदेश सभाको कार्यालय, मुख्यमन्त्रीको कार्यालय तथा निवास, महानगरपालिकाका विभिन्न वडा कार्यालयमा उनीहरूले आगजनी गरेका हुन्।

आन्दोलनकारीकै सहयोगमा कास्की कारागारमा भएका सबै कैदीबन्दी भागेका छन् । उक्त कारागारमा करिब ९०० कैदीबन्दी रहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो।

त्यस्तै प्रदर्शनकारीले पोखरा स्थित भाटभटेनी सुपर मार्केट, विभिन्न सरकारी गाडीका साथै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको निवास, सामाजिक विकासमन्त्री विन्दुकुमार थापाको निवासलगायतमा पनि आगजनी एवम् तोडफोड गरेका छन्।











## प्रधानमन्त्री ओलीद्वारा राजीनामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भाद्र

प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिनुभएको छ।

उहाँले मुलुकमा उत्पन्न असमान्य परिस्थितिलाई ध्यानमा राख्दै मंगलबार पदबाट राजीनामा दिनुभएको उहाँको सचिवालयले जनाएको छ । विक्रम संवत् २०८१ असार ३१ गते नेपालको संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्री नियुक्त हुनुभएका उहाँले संविधानसम्मत् राजनीतिक निकास र समस्या समाधानको थप पहलका लागि संविधानको धारा ७७ (१) (क) बमोजिम आजैका मितिदेखि लागू हुनेगरी पदबाट राजीनामा दिनुभएको राजीनामा पत्रमा उल्लेख छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत हुनुभएका ओली पछिल्लो पटक २०८१ असार ३१ गते नेपाली कांग्रेसलगायत दलहरूको समर्थनमा प्रधानमन्त्री बन्नुभएको थियो । यसैगरी प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट दिनुभएको राजीनामा स्वीकृत भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबारदेखि लागूहुने गरी उहाँको राजीनामा स्वीकृत गर्नुभएको हो । नेपालको संविधानको धारा ७७ को उपधारा (३) बमोजिम अर्को मन्त्रिपरिषद्‌गठननभएसम्मसोही मन्त्रिपरिषद्‌ले कार्यसञ्चालन गर्ने जिम्मेवारी तोक्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

## नेपाली सेनालगायत अन्य सुरक्षा निकाय राति १० बजेदेखि परिचालन

**रासस**
काठमाडौं, २४ भाद्र

नेपाली सेनाले नेपाल र नेपालीको सुरक्षाको लागि स्थिति नियन्त्रण गर्न मंगलबार राति १० बजेदेखि परिचालित हुने भएको छ।

सेनाले विज्ञप्तिमार्फत हालको विषम परिस्थितिको अनुचित फाइदा उठाई केही समूहरूले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा अत्यधिक क्षति पुऱ्याउने, लुटपाट एवं आगजनी गर्ने कार्य भइरहेको हुँदा यस किसिमका गतिविधिहरू नगर्न/नगराउन आग्रह गरेको हो । सेनाले यस किसिमका गतिविधिहरू नरोकिएको खण्डमा नेपाली सेनालगायत सम्पूर्ण सुरक्षा निकायहरू आफ्नो प्रमुख जिम्मेवारी नेपाल र नेपालीको सुरक्षाको लागि स्थिति नियन्त्रण गर्न रातिको १० बजेदेखि दृढ रहने प्रतिबद्ध जनाएको छ । सेनाले सम्पूर्ण राष्ट्रवासीलाई सहयोगको लागि अपिल समेत गर्दै तत्पश्चात, सुरक्षा स्थितिको पुनःमूल्याङ्कन गरी थप सूचना जारी गरिने विज्ञप्तिमा उल्लेख गरेको छ।

## राष्ट्रपति पौडेलद्वारा वार्तामा आउन सबै पक्षलाई अपिल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भाद्र

राष्ट्रपति रामचन्द्र पौडेलले विषम परिस्थितिको शान्तिपूर्ण समाधानका लागि आन्दोलनकारी एवं नागरिकलगायत सबैलाई सहयोग गर्न आग्रह गर्नुभएको छ । उहाँले मंगलबार विज्ञप्तिमार्फत लोकतन्त्रमा नागरिकले उठाएका मागहरू जेनजीका प्रतिनिधिसमेत बसी वार्ता र संवादमार्फत समाधान गर्न सकिने भएकाले संयमित हुन र वार्तामा आउन सबै पक्षलाई अपिल गर्नुभएको हो।

उहाँले प्रधानमन्त्री केपी शर्मा ओलीको राजिनामा स्वीकृती भइसकेकाले अहिलेको विषम परिस्थितिबाट मूलुक, जनता र लोकतन्त्रलाई माया गर्दै समस्या समाधानका लागि सबै पक्षले सहयोग गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्नुभएको छ।

## सेनाद्वारा आन्दोलनकारीलाई वार्ताका लागि आह्वान

**रासस**
काठमाडौं, २४ भाद्र

प्रधानसेनापति अशोकराज सिग्देलले पछिल्लो विषम परिस्थितिबाट राष्ट्रलाई शान्तिपूर्ण तबरले निकास दिनका लागि आन्दोलनरत समूहलाई आन्दोलनका कार्यक्रम स्थगन गरी वार्तामा आउन आह्वान गर्नुभएको छ।

उहाँले मंगलबार भिडियो सन्देशमार्फत आन्दोलनका क्रममा हालसम्म धेरै जनधनको क्षति भइसकेको हुँदा क्षप क्षति हुन नदिन र शान्ति सुरक्षा, अमनचयन एवं राष्ट्रिय एकता र शान्ति सुरक्षा कायम गर्नुपर्ने साझा दायित्वमा सहयोग गर्न आग्रह गर्नुभएको हो । प्रधान सेनापति सिग्देलले वर्तमान असहज परिस्थितिलाई सामन्यीकरण गर्दै राष्ट्रिय एवं ऐतिहासिक सम्पदा एवं नागरिकको सम्पत्ति, मित्रराष्ट्रका कूटनीतिक नियोग तथा नागरिकलाई सुरक्षाको प्रत्याभूति दिई राष्ट्रको सर्वोपरी हितको रक्षा गर्नु सबैको कर्तव्य भएको बताउनुभएको छ।

उहाँले नेपालको इतिहासदेखि नै मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय एकता र नेपाली जनताको सुरक्षार्थ विषम परिस्थितिमा पनि नेपाली सेना कतिबद्ध रहँदै आएको स्मरण गराउनुभएको छ । नेपालमा हाल भइरहेको आन्दोलनका क्रममा हुन पुगेको जनधनको क्षतिप्रति दुःख प्रकट गर्दै दिवङ्गत आत्माको चिर शान्तिको कामना र शोक सन्तप्त परिवारजनप्रति सहानुभूति प्रकट गर्नुभएको छ।

## लामिछाने कारागारबाट रिहा

**रासस**
काठमाडौं, २४ भाद्र

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने मंगलबार ललितपुरस्थित नक्खु कारागारबाट रिहा हुनुभएको छ।

ठूलो सङ्ख्यामा प्रदर्शनकारी कारागार घेराउमा गएपछि परिस्थिति थप बिग्रन नदिन र परिस्थितिलाई काबुमा राख्ने सर्तमा उहाँलाई रिहा गरिएको कारागार प्रमुख सत्यराज जोशीले राससलाई जानकारी दिनुभयो । सहकारी ठगीसम्बन्धी अभियोगमा उहाँ सो कारागारमा थुनामा हुनुहुन्थ्यो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कोरला नाकामा दर्जनौँ कन्टेनर पुगे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ भाद्र



नेपाल-चीन उत्तरी कोरला नाकामा चिनियाँ सामान ढुवानीका लागि दर्जनौँ कन्टेनर त्यहाँ पुगेका छन् । भन्सार विभागले कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयलाई सक्रिय बनाएसँगै त्यहाँको नाकाबाट सामान ढुवानी गर्न व्यापारीका दर्जनौँ कन्टेनर त्यहाँ पुगेका हुन् ।

यहाँको नाकाबाट भन्सार विभागले सम्पूर्ण व्यवस्था मिलाएको हो । गत असारको बाढीले रसुवागढी नाका र साउनको पहिलो साता तातोपानी नाकामा बाढी पहिरोले चिनियाँ मालवस्तु ढुवानीमा अवरोध सिजना भएपछि भन्सार विभागले यहाँको नाकालाई वैकल्पिक मार्ग रूपमा सञ्चालनमा ल्याएको हो ।

यहाँको नाकालाई तत्कालका लागि वैकल्पिक मार्ग रूपमा प्रयोग गरिएको भए पनि अब यहाँको नाकाबाट चिनियाँ मालवस्तु आयातमा कुनै समस्या नपर्ने भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिनुभयो । यहाँको नाकामा मालवस्तु आयातका लागि विभागसँग कार्यालयको ‘अनलाइन’ प्रणाली ‘इन्ट्री’ भइसकेको र चाँडै लोमान्थाङमा भन्सार राजस्व सङ्कलनका लागि प्रभु बैङ्कबाट वित्तीय भुक्तानी गर्ने व्यवस्था मिलाउने तयारी भएको कार्यालय प्रमुख खड्काले बताउनुभयो ।

उहाँले यहाँको नाकास्थित चाइनिज भन्सारमा जाँचपास भई आयात भएका कन्टेनरको मालवस्तु जाँचपास गरीपठाइने भन्सारप्रमुख खड्काले उल्लेखगर्नुभयो।सोमबारचाइनिज भन्सारमा जाँचपास भएका दुई कन्टेरनको मालवस्तु जाँच भइसकेको बताउनुभयो । उहाँले व्यापारीहरूले ल्याउने मालवस्तु ल्हासा र अन्य स्थानमा रहेको तथा उक्त मालवस्तु चिनियाँ भन्सारमा आउने क्रममा रहेको बताउनुभयो ।

यहाँका नाकाबाट ५०० भन्दा बढी डीवाइटी इभी गाडीसहित लत्ताकपडा, कस्मेटिक सामग्री र इलेक्ट्रोनिक सामान ढुवानी गर्न बेनी-जोमसोम-कोरला सडक हुँदै दर्जनौ मालवाहक कन्टेनर कोरला पुगेका छन् । त्यहाँ पुगेका कन्टेनरलाई चिनियाँ भूमिमा प्रवेश गराएर मालसामान लोडअनलोड गराइएको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । उहाँले चिनियाँ सामान ढुवानी गर्न करिब १०० भन्दा बढी कन्टेनर पर्खाइमा बसेको बताउनुभयो ।

# आन्तरिक उडान बन्द, अन्तरराष्ट्रियतर्फ आधा दर्जन विमान आकाशमै

**रासस**
काठमाडौं, २४ भाद्र

प्रतिकूल अवस्थाका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने हवाई उडान पूर्ण रूपमा प्रभावित भएको छ । आन्तरिक उडान पूर्ण रूपमा ठप्प छ भने अन्तरराष्ट्रियतर्फका आधा दर्जन विमान आकाशमा ‘होल्ड’ भएका छन् ।

हिमालय एयरलाइन्सको विमान ‘डाइभर्ट’ भएको छ ।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार आजका लागि आन्तरिक उडान बन्द गरिएको छ । अन्तरराष्ट्रियतर्फका विमानबारे छिट्टै निर्णय लिइने उहाँले बताउनुभयो । ‘फ्लाइट रार्डर’का अनुसार सिमरामाथिको आकाशमा ती विमानहरूले फन्को लगाइरहेका छन् । भारतको मुम्बईबाट आएको एयर इन्डिगो, नयाँ दिल्लीबाट आएको इन्डिगो र नयाँदिल्लीबाटै आएको भिस्तारा एयरलाइन्स होल्ड भएका छन् । यस्तै थाइल्यान्डको राजधानी बैङ्ककबाट आएको एयर एसिया, बैङ्ककबाटै आएको थाई लायन र बङ्गलादेशको राजधानी ढाकाबाट आएको विमान बङ्गलादेश होल्डमा बसेका हुन् ।

विमानस्थलको दक्षिणतर्फ ठूलठूला आगजनी र धुवाँको मुस्लो रहेकाले विमानस्थलको हवाई सुरक्षालाई मध्यनजर गदै हवाई उडान बन्द गरिएको विमानस्थल कार्यालयले जनाएको छ । यसैगरी पछिल्लो विकसित परिस्थितिका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बन्द गरिएको छ । विमानस्थलका प्रवक्ता शेर्पाका अनुसार मंगलबार राति १ बजेसम्मका लागि विमानस्थलको सम्पूर्ण उडान बन्द गरिएको हो । विभिन्न गन्तव्यबाट आएका अन्तरराष्ट्रिय उडानका विमानहरू डाइभर्ट गरिएका छन् । अन्तरराष्ट्रिय विमानस्थल बिहान ६ देखि राति १ बजेसम्ममा सञ्चालन हुँदै आएको थियो । विमानस्थलको दक्षिणतर्फ ठूलठूला आगजनी र धुवाँको मुस्लो रहेकाले विमानस्थलको हवाई सुरक्षालाई मध्यनजर गर्दै हवाई उडान बन्द गरिएको विमानस्थल कार्यालयले जनाएको छ । आन्तरिकतर्फ १२ हेलिकोप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन्। अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन् । ‘जेनजी पुस्ता’को प्रदर्शनले काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा आगजनी गरिएको छ ।

# हिमालय एयरलाइन्सको विमान पोखरा ‘डाइभर्ट’

**रासस**
काठमाडौं, २४ भाद्र

तिब्बतको ल्हासाबाट काठमाडौँ आएको हिमालय एयरलाइन्सको विमान पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण भएको छ ।

विषम परिस्थितिलगायत प्राविधिक कारणले काठमाडौँ आएको हिमालयको विमान ‘डाइभर्ट’ भई पोखरा अवतरण भएको हो । उपत्यकाभित्रको विषम परिस्थितिलगायत त्रिभुवन विमानस्थल वरपर र उडान अवतरण मार्गको विभिन्न स्थानमा देखिएको धुवाँजस्ता कारणले जहाजको सुरक्षामा गम्भीर असर पर्ने देखिएकाले विमान पोखरा डाइभर्ट गरिएको विमानस्थल कार्यालयले जनाएको छ । उक्त विमानमा चिनियाँ नागरिक रहेको जनाइएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार तिब्बतको ल्हासाबाट काठमाडौँ आएको उक्त विमान सिमरामाथिको आकाशमा लामो समय होल्ड भएपछि पोखरा विमानस्थलमा डाइभर्ट गरिएको हो ।

# तनहुँका सरकारी कार्यालयमा आगजनी र तोडफोड

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ भाद्र

तनहुँको सदरमुकाम दमौलीस्थित सरकारी कार्यालयमा आगजनी र तोडफोड गरिएको छ ।

व्यास नगरपालिका-३ मा रहेका केही सरकारी कार्यालयमा जेनजी युवाले मंगलबार तोडफोड र आगजनी गरेका हुन् । व्यास नगरपालिका, मालपोत कार्यालय, आन्तरिक राजस्व कार्यालय, डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा भवन तथा सवारीमा आगजनी र तोडफोड भएको छ । बिहानैदेखि सुरु भएको आन्दोलन साँझसम्म पनि जारी छ ।

प्रदर्शनकारीले व्यास नगरपालिका, आन्तरिक राजस्व कार्यालय, डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका गाडीहरू जलाएर नष्ट गरेका छन् ।

# रास्वपाका सांसदहरूद्वारा राजीनामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भाद्र

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले सामूहिक राजीनामा दिने निर्णय गरेका छन् ।

रास्वपाका सांसदहरूले सामूहिक राजीनामा दिने सचिवालयको प्रस्तावमा पार्टीको संसदीय दल एकमत रहेको कार्यवाहक सभापति डोलप्रसाद अर्यालले जानकारी दिनुभयो । रास्वपाको संसदीय दलको कार्यालयबाट जारी विज्ञप्तिमा रास्वपा संसदीय दलका नेता रवि लामिछानेसहित २० प्रतिनिधिसभा सदस्यहरूले राजीनामा दिने निर्णयबारे जानकारी दिइएको छ । यसअघि, सोमबार जेनजी प्रदर्शनपछि रास्वपाका सभापति रवि लामिछानेले नक्खु कारागारबाट जारी गरेको सन्देशमा आफ्ना मागहरू पूरा नभए राजीनामा दिन तयार रहन सांसदहरूलाई आह्वान गर्नुभएको थियो । प्रतिनिधिसभामा रास्वपाका तर्फबाट उपसभामुखसहित २१ जना सांसद छन् ।

# भारतद्वारा दुःख व्यक्त

**रासस**
काठमाडौं, २४ भाद्र

भरतीय विदेश मामिला मन्त्रालयले सोमबारदेखि नेपालमा भइरहेको घटनाक्रमलाई नजिकबाट नियालिरहेको जनाउँदै घटनामा धेरै युवाको ज्यान गएकामा दुःख व्यक्त गरेको छ ।

विदेश मामिला मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गरी आफ्नो विचार र प्रार्थना मृतकका परिवारहरूका साथमा रहेको उल्लेख गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । घनिष्ठ मित्र र छिमेकीका रूपमा सम्बन्धित सबैले संयम अपनाउने र शान्तिपूर्ण माध्यम तथा संवादमार्फत कुनै पनि विषयलाई सम्बोधन गर्ने कुराको आशा गर्दै मन्त्रालयले काठमाडौँ र नेपालका अन्य धेरै सहरमा लगाइएको कर्फ्यूलाई पनि ध्यानमा राखेको जनाएको छ । साथै मन्त्रालयले नेपालमा रहनुभएका भारतीय नागरिकहरूलाई सावधानी अपनाउन र नेपाली अधिकारीहरूले जारी गर्नुभएका कदम र निर्देशनहरू पालना गर्न सल्लाह दिएको छ ।

# सामाजिक सद्भाव तथा राष्ट्रिय एकता कायम गर्न नेपाली सेनाको अनुरोध

**रासस**
काठमाडौं, २४ भाद्र

नेपाली सेनाले विद्यमान परिस्थितिलाई थप जटिल हुन नदिन सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई कामय राख्दै संयमित हुन सम्पूर्ण युवा जनशक्ति र देशवासीमा अनुरोध गरेको छ ।

सेनाले मंगलबार एक अनुरोध जारी गर्दै यस विषयम परिस्थितिमा देशको ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र राष्ट्रिय सम्पतिको संरक्षण गर्नु हामी सबैको साझा दायित्व भएको जनाएको छ । सेनाले भनेको छ, “नेपाल र नेपाली जनताको हित र सुरक्षामा सदैव समर्पित नेपाली सेनाले हाल विकसित अवस्थालाई मध्यनजर गर्दै नेपाल र नेपाली जनताको जीउधनको रक्षा गर्न प्रतिबद्ध रहीआएको छ ।” सेनाले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षा र नेपाली जनताको जीउधनको सुरक्षाका लागि नेपाली सेना प्रतिबद्ध रही आएको उल्लेख गरेको छ । नेपालमा हाल भइरहेको जेन्जी आन्दोलनका विकसित घटनाक्रमबारे विश्लेषण गरिरहेको जनाउँदै सेनाले यस आन्दोलनका क्रममा हुन पुगेको जनधनको अपुरणीय क्षतिप्रति गहिरो दुःख प्रकट गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना गरेको छ ।

# संयमित हुनुहोला: महानगर प्रमुख बालेन

**रासस**
काठमाडौं, २४ भाद्र

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन)ले प्रदर्शनमा संलग्न ‘जेनजी पुस्ता’लाई संयमित रहन अपिल गर्नुभएको छ । महानगर प्रमुख बालेनले सामाजिक सञ्जाल (फेसबुक) मार्फत सोमबारदेखि मुलुकभर सुरु भएको आन्दोलन ‘जेनजी पुस्ता’को भएको स्पष्ट पार्दै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा आइसकेकाले प्रदर्शनकारीलाई संयमित रहन आग्रह गर्नुभएको हो ।

“देशको जनधनको क्षति भनेको तपाई हाम्रै सम्पत्तिको क्षति हो, अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नु पर्नेछ, तयार रहनुहोला”, उहाँले सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ ।





## बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

**क्रेता वा सामाग्री खरिदकर्ताले:**

◆ विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
◆ सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौ,
◆ विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
◆ प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं,
◆ विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
◆ कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि विल/विजक माग्ने गरौं,

**बिक्रेताले:**

◆ ग्राहकलाई सामाग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं,
◆ विल बमोजिमको सामान उपलब्ध गराऔं,

सामान खरिद विक्री गर्दा विल अनिवार्य लिने दिने गरौ ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# सार्वजनिक सम्पत्ति जल्न नदिन संयम अपनाउ

आन्दोलनकारीले देशका महत्त्वपूर्ण संरचना देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, राष्ट्रपति भवन शितल निवास, संसद भवन, सर्वोच्च अदालत लगायतका धेरै सार्वजनिक सम्पत्ति जलेका छन।हिजोको प्रहरी दमनपछि आक्रोशित आन्दोलनकारीले आन्दोलन स्थगनपछि पनि नियन्त्रण बाहिर गएको छाव्यक्तिको घरमा आगलागी, कुटपिट र तोडफोडमा उत्रिएकालाई संयमता अपनाउन नागरिक समाजका व्यक्तिले आग्रह गर्दा पनि रोकिएको छैन । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको विषम परिस्थितिबीच शान्तिपूर्ण समाधान खोज्नका लागि सबै पक्षलाई सहयोग गर्न आह्वान गरेका छन् ।

पौडेलले मंगलबार जारी वक्तव्यमा भनेका छन्, ' प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा स्वीकृत भइसकेकाले मुलुक, जनता र लोकतन्त्रलाई माया गर्दै समस्या समाधानका लागि सबै पक्षले सहयोग गर्नेछन् भन्ने विश्वास लिएको छु ।'नागरिक सरकार बनाउन माग भइरहेको बेला राष्ट्रपतिको आग्रहलाई गम्भीरतापूर्वक लिनुपर्छ । नागरिकले उठाएका मागलाई लोकतान्त्रिक प्रक्रियामार्फत् सम्बोधन गर्न सकिने उल्लेख गर्दै आन्दोलनरत जेन-जी प्रतिनिधिलगायत सबै पक्षलाई वार्ता र संवादमा आउन पनि उनले अपील गरेका छन् । पौडेलले शान्ति र स्थिरता कायम गर्न संयमित रहन सबैलाई आग्रह गरेका छन ।

नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलनरत पक्षलाई शान्तिपूर्ण निकासका लागि वार्तामा आउन आह्वान गरेका छन् । मंगलबार साँझ एक भिडियो सम्बोधन गर्दै उनले भने, 'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु सबैको साझा कर्तव्य हो । त्यसैले आन्दोलनका कार्यक्रमहरू स्थगित गरी वार्ताको बाटो समाउन अनुरोध गर्दछु ।' आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन्। उनले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक संवेदना र सहानुभूति प्रकट गरेका छन् ।

प्रधानसेनापति सिग्देलले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको शुभकामना व्यक्त गर्दै शान्ति, सुरक्षा, अमनचयन र राष्ट्रिय एकता कायम राख्न सबै नेपालीको साझा दायित्व रहेको बताएका छन् । उनले भने, 'नेपालको इतिहासले साक्षी बसेको जस्तो, मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र नेपाली जनताको सुरक्षार्थ नेपाली सेना सदैव प्रतिबद्ध रहन्छ ।' सिग्देलले आन्दोलनका कारण राष्ट्रिय तथा ऐतिहासिक सम्पदा, सार्वजनिक तथा नागरिक सम्पत्ति, आम नागरिक, मित्रराष्ट्रका कूटनीतिक नियोग तथा सरोकारवालाको सुरक्षामा प्रतिकूल असर नपार्ने कुरामा जोड दिए । उनले मातृभूमि र देशको जयगान गर्दै राष्ट्रिय सद्भाव र एकताका लागि सबैलाई एकसाथ अगाडि बढ्न आग्रह गरेका छन् । प्रधानसेनापतिको बक्तव्य पछि सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी सडकमा उत्रेका छन।सेनाको सडकमा उपस्थितिले तोडफोड , आगजनी र लुटपाट रोकिनेमा आशा पलाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चिनाईदै जैमिनी ऋषिको तपोभूमि

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ भाद्र

बागलुङको जैमिनी नगरपालिकाले जैमिनी ऋषिको तपोभूमिको रुपमा रहेको जैमिनी धाममा धमाधम पूर्वाधार निर्माण गरिरहेको छ । नगरपालिकाले प्रदेश सरकारको सहयोग तथा पालिकाकोलगानीमाजैमिनीधामको महिमा चिनाउन पूर्वाधारलाई जोड दिएको छ ।

नगरपालिकाको प्रमुख धार्मिक गन्तव्यको रुपमा जैमिनी धामको प्रवर्द्धनमार्फत पर्यटक भित्र्याउने योजनामार्फत हालै जैमिनी ऋषिको मूर्ति निर्माण गरिएको छ । जैमिनी नगरपालिकाको जग्गा व्यवस्थापनमा दाता विक्रम पाण्डेका लगानीमा झण्डै रु २० लाख खर्चेर जैमिनी ऋषिको मूर्ति निर्माण गरिएको छ । कालीगण्डकी करिडोर कालोपत्रको जिम्मा पाएको निर्माण कम्पनीले सामाजिक उत्तरदायित्व अनुसार करिडोरको छेउमै रहेको जैमिनी धाममा जैमिनी ऋषिको मूर्ति निर्माण गरेको हो। जैमिनी-१ जैमिनीधाम पवित्र कालीगण्डकीको तटीय क्षेत्रमा जग्गा व्यवस्थापन, १०८ धारा निर्माण, ध्यान पार्क निर्माणका लागि जग्गा व्यवस्थापन लगायतको काम भइरहेको र अहिले नगरपालिका र निर्माण कम्पनीका सहकार्यमा जैमिनी ऋषिको विशाल मूर्ति निर्माण गरिएको नगर उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो । जैमिनी ऋषिले तपस्या गरेको गुफा र जैमिनी धामलाई संरक्षण, पूर्वाधार निर्माण र प्रचारप्रसारको काम भइरहेको सन्दर्भमा जैमिनी ऋषि चिनाउनका लागि पहिला मूर्ति निर्माण गरिरहेको उहाँको भनाइ छ । उहाँले जग्गा छनोट, जग्गा व्यवस्थापन नगरपालिकाले गरेको र मूर्ति निर्माणको काम निर्माण कम्पनीले गरेको जानकारी दिनुभयो ।

मूर्ति ६ फिट भन्दा अग्लो र चार फिट चौडा रहेको छ । ऐतिहासिक धार्मिकस्थललाई चिनाउन मूर्तिले ठूलो भूमिका खेल्ने छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोर कालोपत्र भएसँगै जैमिनीधामको महत्व बढेको र सडकबाटै देखिनेगरी मूर्ति निर्माण गरिएको हो । राजमार्गमा गुड्ने सवारीधानमा हिँडेका पर्यटक जैमिनी धाम दर्शनका लागि पुग्न थालेपछि पूर्वाधार निर्माणमा समेत नगरपालिकाले जोड दिएको हो । प्राचीनकालमा जैमिनी ऋषिले तपस्या गरेको स्थानलाई प्रचारप्रसारसँगै पूर्वाधार निर्माणमा जोड दिइएको बताउदै उपप्रमुख शर्माले गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको रु १० लाख र पर्यटन मन्त्रालयको रु १५ लाखबाट ध्यान केन्द्रका लागि पूर्वाधार निर्माणको थालनी, १०८ धारा लगायतका संरचना तयार गरिएको बताउनुभयो । पूर्णकदको मूर्तिले जैमिनी ऋषिको महत्व बढाउने शर्माको भनाइ छ ।

नगरपालिकाले निर्माण गरेको जैमिनी ऋषिको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) मा जैमिनी धामको पुनःनिर्माण, शङ्कशिला, देव शिला र नाग शिला र जैमिनी ऋषिले तपस्या गरेको गुफा संरक्षण लगायतका पूर्वाधार निर्माण गर्ने उल्लेख अनुसार काम थालिएको छ । जैमिनीधामा पूर्वाधार निर्माण गर्न डिपिआर अनुसार झण्डै रु १४ करोड खर्च लाग्ने अनुमान छ ।

# अनुदानमा घुम्तीगोठ निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ भाद्र

धवलागिरि र अन्नपूर्ण गाउँपालिकामा पशुधनको सुरक्षा तथा गोठालाको सहजताका लागि तीनवटा घुम्ती गोठ निर्माण भएका छन् ।

धवलागिरि-५ मल्कवाङको म्यादुङमा, अन्नूर्ण गाउँपालिकाका खोपारा र बयलीमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अनुदान सहयोगमा घुम्तीगोठ निर्माण भएको हो । हिउँदयाममा जाडो हुने भएकाले बेँसीमा झारिने गाईभैँसी, याकचौँरी तथा भेडाबाख्रा गर्मीयाममा उच्च लेकका घुम्ती चरन क्षेत्रमा लगेर पालन गरिन्छ ।

म्यादुङमा धवलागिरि गाउँपालिकाको रु आठ लाख अनुदान र किसानको रु दुई लाख बढी लगानीमा पाँच सय भेडाबाख्रा राख्न मिल्ने घुम्तीगोठ निर्माण भएको छ । मल्कवाङका भेडापालक किसान देवान छन्त्यालले घुम्तीगोठ निर्माण भएपछि हिउँदयाममा बेँसी झरेका भेडाबाख्रालाई झरी र हिउँ पर्दा ओत लाग्न सजिलो हुनुका साथै चिसोबाट बचाउन सकिने बताउनुभयो ।

"हिमपातको समयमा कमजोर भेडाबाख्रा र पाठापाठी चिसोले धेरै मरेकाले घुम्तीगोठको आवश्यकता थियो", उहाँले भन्नुभयो, "घुम्तीगोठ भएपछि घाँसपानी दिन सकेमा भेडाबाख्रा हराउने र मर्ने जोखिम घटेको छ।" छन्त्याललगायत पाँच जना भेडाबाख्रापालक किसानले घुम्तीगोठ निर्माणमा साझेदारी गरेका हुन् । जस्तापाताले छाएको र भुइँमा ढलान गरिएको घुम्तीगोठ घेराबारका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा पनि बजेट विनियोजन गरेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत विनियोजन भएको रु चार लाखबाट अन्नपूर्ण गाउँपालिका-५ खोपारा र बयलीमा घुम्तीगोठ संरक्षणका लागि टहरा निर्माण भएको कार्यालयका सूचना अधिकारी सुभास रेग्मीले बताउनुभयो ।

ढुङ्गाको पर्खाल, काठको बार र जस्ताले छाएर किसान बस्ने र चौँरीका बाछाबाछी राख्ने गोठ निर्माण भएको हो । गोठमा पाठापाठी राख्दा ब्वासो, चितुवा, स्याललगायत जनावरको आक्रमणबाट बचाउन सकिने किसानले बताएका छन् । बर्खायाम जेठदेखि असोजसम्म उच्च लेकमा र हिउँदयाम लागेपछि मङ्सिरदेखि वैशाखसम्म बेँसीका फाँटमा घुम्तीगोठ सार्ने चलन छ ।

# उत्तरी गोरखामा किसानले धमाधम स्याउ टिप्दै

**रासस**
गोरखा, २४ भाद्र

उत्तरी गोरखामा किसानले बगैँचाबाट धमाधम स्याउ टिप्न थालेका छन् । उनीहरू स्याउ टिपेर बिक्री गर्न बजार लैजाने तयारीमा जुटेका छन् ।

चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित 'इन गोरखा प्रोडक्ट प्रालि'को स्याउ फर्ममा गाला जातको स्याउ टिपिसकिएको फर्मका सञ्चालक लाक्पा ढुण्डुप लामाले जानकारी दिनुभयो ।उहाँको बगैँचामा गाला, गोल्डेन र फुजी जातका स्याउ फलेका छन् ।

"गाला स्याउ टिपिसकियो । अब गोल्डेन टिप्ने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "अबको एक महिनामा फुजी स्याउ पनि टिप्ने बेला हुन्छ ।" यसपटक गाला स्याउ १० हजार किलो उत्पादन भएको उहाँले जानकारी दिनुभयो । "दुई ट्रक स्याउ काठमाडौँ पठाइसकेको छु । काठमाडौँमा बिक्री गर्न समस्या छैन ।" चार वर्षअघि लगाइएको लामाको बगैँचामा यतिबेला १२ हजार ५०० बोटमा स्याउ फलेका छन् । उहाँले आफ्नो उत्पादनलाई 'चुमनुब्री स्याउ' नामले ब्रान्डिङ गर्दैआउनुभएको छ । यसैगरी दुई हजार ७०० मिटर उचाइमा रहेको विशाल मनास्लु फर्म तथा लर्निङ सेन्टरका सञ्चालक छिरिङ लामा यतिबेला टिप्ने बेला भएको लटरम्म स्याउको बगैँचा देखेर दङ्ग हुनुहुन्छ । चुमनुब्री गाउँपालिका-२ ल्होमा रहेको सो स्याउ बगैँचापाँच हजार बोट लटरम्म स्याउले भरिभराउ छ ।गाला जातको स्याउ टिप्ने बेला भइसकेको सञ्चालक लामाले बताउनुभयो । उहाँको बगैँचामा गाला, फुजी, गोल्डन डेलिसियसलगायत जातका स्याउ छन् । असोज पहिलो हप्ताभित्रै सबै प्रजातिका स्याउ टिप्न थाल्ने उहाँले जानकारी दिनुभयो ।

लामाको बगैँचामा तीन वर्षदेखि स्याउ उत्पादन हुन थालेको हो । उहाँले आफ्नो बगैँचाको स्याउलाई 'मनास्लु स्याउ' नाम दिएर ब्रान्डिङ गर्नुभएको छ । लामाले गत वर्ष आठ हजार किलोस्याउ उत्पादन गर्नुभएको थियो ।पहिलो वर्ष भने उहाँको बगैँचामा सातसय किलोमात्र स्याउ उत्पादन भएको थियो । उत्पादन बर्सेनि बढ्दै गएको लामाले बताउनुभयो ।

"यस वर्ष १० हजार किलोउत्पादन हुने अनुमान छ", लामाले भन्नुभयो।ल्होका अन्य स्थानीयले पनि घरायसी प्रयोगका लागि थोरथोरै स्याउ उत्पादन गर्दै आएका छन् ।

गण्डकी प्रदेश सरकारअन्तर्गत कृषि ज्ञानकेन्द्र गोरखासँग साझेदारी गरी यहाँ स्याउ बगैँचा विकास गरिएको हो । चार वर्ष अघि कृषि निर्देशनालयले इटलीबाट ल्याएको गाला, फुजी, रेड र गोल्डन डेलिसियस जातको स्याउको उन्नत बिरुवा किसानलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराएको थियो । स्याउ बगैँचा स्याउखेतीसम्बन्धी अध्ययन गर्न चाहनेका लागि अध्ययन केन्द्रको रूपमा पनि विकास गरिएको छ । "हाम्रो स्याउ फर्म उच्च गुणस्तरको जातको स्याउ उत्पादन गर्ने मात्र नभई स्याउखेतीको अध्ययन गर्नेका लागि अध्ययन केन्द्रका रूपमा पनि विकास गरेका छौँ", मनास्लु स्याउका उत्पादक छिरिङ धार्के भन्नुहुन्छ, "यहाँ आएर अध्ययन गर्ने विद्यार्थीका लागि निःशुल्क आवास र खानाको व्यवस्था गरेका छौँ ।" चुमनुब्री गाउँपालिकाका अधिकांश ठाउँमा स्याउखेती राम्रो हुने हुनाले अन्य किसानले पनि व्यावसायिक स्याउखेती गर्न थालेका छन् ।

# लक्ष्यभन्दा बढी बाख्रा उत्पादन गर्दै राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र

**पोखरापत्र संवाददाता**
दमौली, २४ भाद्र

तनहुँको बन्दीपुर गाउँपालिकास्थित राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्रले प्रत्येक वर्ष लक्ष्यभन्दा बढी बाख्रा उत्पादन गर्दै आएको छ । केन्द्रले खरी, जमुनपारि, सिन्हाल, शुद्ध बोर, बोर क्रस प्रजातिका बाख्रा लक्ष्यभन्दा बढी उत्पादन गरेको छ ।

कार्यालयका वरिष्ठ कृषि अधिकृत बुद्धिराम आचार्यका अनुसार आर्थिक वर्ष २०८१/८२ मा खरी बाख्रा ३४ उत्पादन गर्ने लक्ष्य राखिएकामा ५४ उत्पादन भएको छ । त्यस्तै, सिन्हाल छ उत्पादन गर्ने लक्ष्य राखिएकामा ११, जमुनापारि क्रस तीन उत्पादन गर्ने लक्ष्य रहेकामा पाँच, शुद्ध बोर ८० उत्पादन गर्ने लक्ष्य राखिएकामा १०९ र बोर क्रस १७३ उत्पादन गर्ने लक्ष्य राखिएकामा २०२ उत्पादन भएको छ ।

आचार्यका अनुसार शुद्ध सानन १५ उत्पादन गर्ने लक्ष्य रहेकामा १३, सानन क्रस ३३ उत्पादन गर्ने लक्ष्य रहेकामा ३७ उत्पादन भएको छ । केन्द्रले गत आर्थिक वर्ष २०८०/८१ मा ३४ खरी बाख्रा उत्पादनको लक्ष्य राखेकामा ७० खरी बाख्रा उत्पादन गरेको थियो । केन्द्रले त्यस वर्ष बारबारीका छ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा छ, सिन्हालका चार पाठापाठी उत्पादन लक्ष्य राखिएकामा १२, शुद्ध बोरका ८० पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ५९, शुद्ध बोरका ८० पाठापाठी लक्ष्य उत्पादन राखिएकामा ५९, बोर क्रसका १७३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा १५९, शुद्ध साननका १५ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा २५ र सानन क्रसका ३३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ६६ पाठापाठी उत्पादन भएको जनाएको छ । यस्तै, केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा सानन दूध दुई हजार लिटर उत्पादन लक्ष्य राखेकामा तीन हजार ११४, सानन चिज २०० किलो उत्पादन लक्ष्य राखेकामा ३२८ किलो उत्पादन गरेको आचार्यले बताउनुभयो । केन्द्रमा उत्पादित बाख्रा नेपालका अधिकांश जिल्लामा वितरण हुने गरेको छ । बाख्राको अनुसन्धानका लागि विभिन्न जिल्लामा स्रोतकेन्द्र स्थापना गरिएको छ । तनहुँको भानु नगरपालिकास्थित बरभज्याङ, आँबुखैरेनी गाउँपालिकास्थित बरादीमा, घिरिङमा, गोरखाको बक्राङ, स्याङ्जाको पेखुथाना र धादिङको नीलकण्ठमा बाह्य अनुसन्धान केन्द्र स्थापना भएका छन् । केन्द्रमा बाख्रालाई चरिचरनको घाँसहरूमा बाह्य जनावरबाट क्षति हुने गर्दा समस्या हुने गरेको छ । त्यस्तै, हिउँद तथा सुक्खा मौसममा बाख्रालाई घाँसको कमी हुँदै आएको छ । त्यसका लागि सरपानी तथा आले गाउँमा जमिन सम्याई घाँस लगाइएको छ । कुल ८० हेक्टर क्षेत्रफलमा फैलिएको केन्द्रमा बाख्राका लागि आवश्यक पर्ने डालेघाँस, भुइँघाँसको खेती गरिएको छ । बाख्रालाई विशेष गरेर नेपियर, मोलाटो, सेटारिया, सिग्नल घाँस, किम्भु खनायो लगायतका घाँस खुवाउने गरिएको छ ।

# चितवनको धानमा मरुवा रोगको समस्या

**पोखरापत्र संवाददाता**
चितवन, २४ भाद्र

जिल्लामा लगाइएको धानमा ब्लाष्ट (मरुवा)रोगको समस्या देखिएको छ । कृषि विकास कार्यालयका अनुसार अहिले कार्यालयमा दैनिक २५ देखि ३० जना विभिन्न रोगको समस्या लिएर आउने गरेका छन् । त्यसमध्ये ५० प्रतिशत बढी मरुवा रोगको समस्या लिएर आउने गरेका छन् । जिल्लाका सातै पालिकामा यो रोगको समस्या देखिएको छ ।

कार्यालयका सूचना अधिकारी विन्दु पौडेलका अनुसार रोगी बीउ, संक्रमित पानी, परालका ठुटा तथा झारपातबाट यो रोग सर्दछ । धानको नर्सरीको ब्याड्बाट यो रोग देखिन्छ । ओसिलो, न्यानो भएमा यो रोगको सङ्क्रमण बढी हुन्छ । उहाँले भन्नुभयो, "पातमा शीतका थोपा रहिरहने र नाइट्रोजन मलको बढी प्रयोग भएको खण्डमा यो रोगले महामारी लिने गर्दछ ।"

यो रोग लाग्दा पातको दुवै छेउतिर चुच्चिएका अण्डाकार थोप्ला देखिने, थोप्ला खैरो रङ्गको हुने, थोप्लाको बीचमा सेतो विन्दु हुने, बाला मुन्तिरको डाँठमा खैरो रङ्ग भएको दाग पनि देखिने पौडेलले जानकारी दिनुभयो । यस रोगको व्ययवस्थापनका लागि रोग अवरोधक जात जस्तै खुमलटार, राधाचार, सावित्री, चन्दननाथ १ र २ लगाउने, ब्याडमा बीउ राख्नुभन्दा पहिले कारवेन्डाजिम दुई ग्राम प्रतिकिलो बीउको दरले उपचार गर्ने, मलखादको उचित व्यवस्थापन गर्ने, ग्रसित भएको रोगबाट अर्को खेतमा पानी जान नदिने जस्ता कार्य गर्न उहाँको सुझाव छ । जिल्लामा अहिले २७ हजार २०७ हेक्टर क्षेत्रफलमा धान रोपिएको छ । धानमा यो रोगबाहेक अन्य विभिन्न रोगको समेत समस्या देखिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार पतेरो, गभारो लगायतको रोग देखिएको उहाँले बताउनुभयो ।

# म्याग्दीमा करिब एक अर्बको आलु र सुन्तला बिक्री

पोखरापत्र संवाददाता
म्याग्दी, २४ भाद्र

गत आर्थिक वर्षमा यहाँबाट करिब रु एक अर्बको आलु र सुन्तला बिक्री भएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार आव २०८१/८२ मा यहाँबाट रु ६० करोडको आलु र ३३ करोड ४६ लाख बराबरको सुन्तला बिक्री भएको हो ।

केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले गत आवमा एक हजार आठ सय २० हेक्टर क्षेत्रफलमा उत्पादन भएको ३५ हजार चार सय ९० मेट्रिकटन आलु प्रतिकिलो न्यूनतम रु ३५ का दरले बिक्री हुँदा रु ६० करोडको कारोबार भएको जानकारी दिनुभयो । उहाँका अनुसार एक हजार आठ सय २० क्षेत्रफलमा प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिकटनका दरले आलु उत्पादन भएको छ । चार सय २५ हेक्टर क्षेत्रफलमा उत्पादन भएको चार हजार सात सय ८१ दशमलव तीन मेट्रिकटन सुन्तला प्रतिकिलो रु ८० का दरले ३३ करोड ४६ लाख ७० हजारमा बिक्री भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो । याग्दीको आलु र सुन्तला बेनी, पोखरा, काठमाडौँ र चितवनका बजारमा



बिक्री हुन्छ । क्षेत्रफल विस्तार, अनुकूल मौसम, रोगकीराको समस्या नदेखिएकाले आलु र सुन्तलाको उत्पादन बढेको प्रमुख बाँस्तोलाले बताउनुभयो । आव २०८०/८१ मा एक हजार सात सय ५० हेक्टरमा ३१ हजार चार सय ५० मेट्रिकटन आलु र रु २४ करोड बराबरको तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्रका प्राविधिकले 'क्रपकटिङ' विधिबाट फलफूल, तरकारी र खाद्यबाली उत्पादनको तथ्याङ्क सङ्कलन गर्दै आएका छन् । अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सय भन्दा बढी सुन्तला बगैँचा छन् । सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलु र सुन्तलाले बजार पाउन थालेको हो । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले जिल्लामा आलु र सुन्तलाखेती विस्तार तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन् ।

गत आर्थिक वर्षमा केन्द्रको रु ४७ लाख १४ हजार सहयोगमा ४२ वटा फार्म तथा समूहमा आवद्ध एक सय ६४ परिवार किसानले तीन सय ७० रोपनी बगैँचा सुदृढीकरण र ४० रोपनीमा विस्तार गरेका कृषिप्रसार अधिकृत गङ्गा लामिछानेले जानकारी दिनुभयो । खा य न आलु कार्यक्रममार्फत तीन वटा सहकारी र २७ समूहलाई बीउ, यान्त्रिकरण, सिँचाइ पूर्वाधार, 'प्याकेजिङ' र ढुवानीका लागि रु ८७ लाख ६४ हजार अनुदान उपलब्ध गराइएको केन्द्रले जनाएको छ । यस वर्ष सुन्तलाजात फलफूल बगैँचा स्थापना तथा विस्तारका लागि रु छ लाख र सुदृढीकरणका लागि रु १९ लाख ८० हजार बजेट प्राप्त भएको छ ।

जिल्लामा आलु जोन कार्यक्रमले अन्नपूर्ण र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिका-९ र १० मा आलुखेती विस्तारमा सहयोग गर्दै आएको छ । यसवर्ष पर्वत, बागलुङ र म्याग्दीमा सञ्चालन भइरहेको सुन्तला जोनमा रु ५३ लाख ८५ हजार, रघुगङ्गा, बेनी र अन्नपूर्ण गाउँपालिका कार्यक्षेत्र भएको आलु जोनका लागि रु १६ लाख ६८ हजार बजेट प्राप्त भएको परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले जानकारी दिनुभयो ।

# एक करोड लगानीमा बागलुङमा साबुन उद्योग सञ्चालन

पोखरापत्र संवाददाता
गोरखा, २४ भाद्र

एक करोड लगानीमा बागलुङमा साबुन उद्योग सञ्चालनमा आएको छ । काठेखोला गाउँपालिका-७ रेशका तीर्थ गौतम र तारा शर्माले पछिल्लो दुई वर्षदेखि कालिका सबुन उत्पादन गर्दै आउनुभएको हो । उहाँहरु दुवै स्नाकोत्तर उत्तीर्ण हुनुहुन्छ । उहाँहरुलाई समकालीन साथीहरू विदेशिँदा तिमीहरू पनि विदेश जाऊ भनेर सल्लाह दिनेहरू नभेटिएका होइनन् ।

परिवारकै सदस्यले पनि विदेश जानुको विकल्प देखिँदैन भन्थे । तर तीर्थ र ताराले विदेशको विकल्प रोज्ने होइन, नेपालमै उद्यमी बन्ने सपना देखे । यतिबेला उनीहरू दुई वर्षको छोरासँगै आफ्नो उद्योगलाई हुर्काइरहेका छन् । स्वदेशमै स्वरोजगार सृजना गरेका तीर्थ र ताराको उद्योगमा अहिले छ जनाले रोजगारी पाएका छन् । बागलुङ बजारको हल्लनचोक नजिकै रहेको टिएण्डटी म्यानुफ्याक्चरिङ उद्योगबाट तीर्थ र ताराले भाँडा र कपडा धुने साबुन उत्पादन



गरेर बागलुङको गलकोट, बुर्तिबाङ, कुश्मिसेरा, बरेङ र म्याग्दी र पर्वत जिल्लाका मुख्य सहरमा बिक्री गर्दै आउनुभएको छ । विसं २०७८ मा पर्यटन तथा उद्योग कार्यालय र बागलुङ नगरपालिकामा उद्योग दर्ता गरेका तीर्थ र ताराले २०८० सालबाट साबुन उत्पादन गरेर बिक्री गर्न थाल्नुभएको हो । रु ५० लाख लगानी गरेर सुरु गरेको उद्योगमा रु एक करोडभन्दा बढी लगानी पुगेको छ । निकट भविष्यमा सरफ, हार्पिक र कुलिनसमेत उत्पादन गर्ने लक्ष्य रहेको ताराले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले विदेश जाने लहर चलेको छ, तर हामीहरूले यही नै केही गर्नुपर्छ भन्ने सोच बनायौँ र साबुन उद्योग सुरु गरेका हौँ, नयाँ कामको सुरुआत आफैँबाट थालनी गर्नुपर्छ भन्ने मान्यता राख्छौँ, यहाँ साबुन उद्योग सञ्चालन हुँदा गाउँठाउँकै स्थानीयले नै रोजगार पाउँछन् ।" साबुन उत्पादनका लागि अधिकांश कच्चा पदार्थ भारत र केही काठमाडौँबाट खरिद गर्ने तीर्थले बताउनुभयो । आफूहरूले वार्षिक रु ५० लाख बराबरको कारोबार गर्ने उहाँको भनाइ छ ।

दुई सय ग्रामको कपडा धुने कालिका साबुनलाई रु ५० मा बिक्री गर्दै आएको उहाँ बताउनुहुन्छ । उत्पादनमा मात्र नभएर उत्पादित साबुनको गुणस्तरमा समेत ध्यान दिने गरेको उहाँले सुनाउनुभयो ।

# पर्वतमा दश करोडको लागतमा प्लाई उद्योग सञ्चालन

पोखरापत्र संवाददाता
पर्वत, २४ भाद्र

पर्वत जिल्लाको कुश्मा नगरपालिका -८ परादीमा गण्डकी प्रदेशकै दोस्रो 'प्लाई' उद्योग सञ्चालनमा आएको छ । कुश्मा नगरपालिकाको कटुवा चौपारी घर भएका शिवशर्मा अधिकारीले १६ वर्षदेखि सञ्चालन गर्दै आएको ' विन्दवासिनी भेनियर उद्योग' लाई अब प्लाइ उत्पादन गर्ने उद्योगको रूपमा सञ्चालन गर्नुभएको हो ।

सामान्यतः पहाडी क्षेत्रमा प्लाई उद्योग कमै मात्रामा सञ्चालन हुने गरेका छन् । त्यसमा पनि कम जनघनत्व हुने क्षेत्रमा उद्योग सञ्चालन गर्नु चुनौतीपूर्ण हुने भए पनि अधिकारीले जिल्लावासीले पाउने रोजगारी र ढुवानी बचतका लागि उद्योग सञ्चालन गर्नुभएको हो । परादीमामा रहेको 'भेनियर' उद्योगमा तयार हुँदै आएको प्लाईको कच्चापदार्थलाई अधिकारीले नै कपिलवस्तुको बहादुरगञ्जमा सञ्चालन गर्दै आएको अकला प्लाई उद्योगमा लगेर प्लाई बनाउने गरिएको थियो । त्यहाँ उत्पादित प्लाई पुनःगण्डकी प्रदेशमा आएर बिक्री हुने गरेको थियो ।

जिल्लाबाट गएको कच्चापदार्थबाट कपिलवस्तुमा प्लाई बनेर पुनः गण्डकी प्रदेशमा ल्याएर बिक्री गर्दा ढुवानी लागतसमेत बढी भएपछि अधिकारीले बहादुरगञ्जको प्लाई उद्योगलाई परादीमा सार्नुभएको हो । करिब रु १० करोडको लागतमा तयार भएको प्लाई उद्योगमा करिब तीन सय जनाले रोजगारीको अवसर पाउने छन् । आफ्नै जन्मभूमिबाट उद्योग चलाउँदा जिल्लावासीले नै रोजगारीको अवसर पाउने र ग्रामीण क्षेत्रमा कुहिने अवस्थामा रहेका कुकाठले बजार पाउने सञ्चालक अधिकारीले बताउनुभयो ।

"बेरोजगारी र बसाइसराइको समस्या बढ्दै गइरहेको बेलामा आफ्नै जिल्लावासीले रोजगारीको अवसरपाउनभनेरउहाँकोउद्योगलाई यहाँ सारिएको हो । कच्चापदार्थको ढुवानीको हिसाबले पनि यहाँ सहज हुने भएको छ," उहाँले भन्नुभयो,"पहाडी क्षेत्रमा उद्योगको विकासको लागि पनि यसले बल पुग्छ । यहाँ सञ्चालनमा रहेको भेनियर उद्योगमा अहिले पनि धेरै जनाले रोजगारी पाइरहेको अवस्था छ । अब प्लाई नै उद्योगसमेत यहीँबाट चलेपछि करिब तीन सय जनाले रोजगारीको अवसर पाउने छन् ।"

कपिलवस्तुबाट उत्पादन भएको अधिकांश प्लाई अहिले पनि गण्डकी प्रदेशमै खपत हुने गरेको र अब पर्वतबाट उत्पादन हुने प्लाई पनि सोही बजारमा निर्यात हुने अधिकारीले बताउनुभयो । साविकको धौलागिरिसहित दाङ, नेपालगञ्ज, रुकुम, रोल्पा, सल्यान, बुटवल, पोखरा, लमजुङलगायतका जिल्लामा निर्यात हुने गरेकोमा अब पनि सोही जिल्लामा निर्यात हुने छ ।

अहिलेसम्म पर्वतमा उत्पादित भेनियरलाई कपिलवस्तुमा लगेर प्लाई बनाएर फेरि यतैको क्षेत्रमा ल्याएर बिक्री गरिन्थ्यो । अब भने उत्पादन नै पर्वतबाट हुने भएपछि कच्चा पदार्थको ढुवानीमा लाग्दै आएको खर्च कटौती हुने भएको छ । यसले कम्पनीको मुनाफा बढ्ने र ग्राहकले पाउने दरमा केही सस्तो पर्नेछ । गण्डकी प्रदेशमा यस अगाडि तनहुँको दमौलीमा प्लाइ उद्योग रहेको र पर्वतमा सञ्चालन भएको दोस्रो उद्योग बनेको अधिकारीले बताउनुभयो । तर नेपालको वर्तमान अवस्था, आर्थिक चुनौती र बैंकबाट हुने लगानीको अवस्था हेर्दा उद्योग सञ्चालन चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ । त्यसमा पनि नेपालको वन ऐनले उद्योग र नागरिक दुवै पक्षलाई समस्यामा पार्दा वनमा काठ कुहिने तर उद्योगले सामग्री नपाउने अवस्थाप्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो । "नेपालको वन ऐन जटिल रहँदा ढलेर कुहिएका रुख खरिद गर्नसमेत समस्या हुने गरेको छ । आफ्नो जग्गामा भएका उत्तिस लगायतका काठ बिक्री गर्न पनि नागरिकले धेरै चुनौती र खरिदकर्ताले पनि चुनौती भोग्न परेका कारण पनि कति काठ र कुकाठ खेरगइरहेको अवस्था छ", अधिकारी भन्नुहुन्छ, "यसलाई खेर जान नदिने हो भने किसानले कति आम्दानी गर्न सक्ने मौका छ । गण्डकी प्रदेश सरकारले वन ऐनलाई सहज बनाउँदै काठलाई ताजा तरकारी सरह लिने भनेको भए पनि त्यो अवस्था सहज बनिसकेको छैन ।"

# पर्यटकीय गन्तव्य बन्दै गाईखुरे झरना

पोखरापत्र संवाददाता
लमजुङ, २४ भाद्र

झर्झराउँदो झरना । पहाडको बीच भागबाट झर्दै गरेको पानी । वरिपरि हरियाली साथै फेदमा सुन्दर पोखरी । सत्तरी मिटरभन्दा माथिबाट झरेको झरना हेर्न पर्यटकको घुइँचो लाग्छ । यो झरनाले सबैलाई लोभ्याएको छ । झरनाको फेद पुगुपुगु लाग्ने । झरनासँग सेल्फी खिच्नेको बाक्लै उपस्थितिरहन्छ । झरनाको पानीसँगै पोखरीमा पौडी खेल्नेको जमात पनि कम हुँदैन ।

डुम्रे-बेँसीसहर सडक छेउ तथा मर्स्याङ्दी नदी नजिकै रहेको बेँसीसहर नगरपालिका-१ दलालस्थित यो झरना पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएको छ । एकैछिन गाडी रोकेरै भए पनि झरना नजिक पुग्छन् यात्रु । यस झरनामा दैनिक यतिबेला तीन सयभन्दा बढी पर्यटक आउने गरेका छन् ।

शुक्रबार, शनिबार र बिदाको समयमा यसको दोब्बर पर्यटक झरनाको आनन्द लिन आउने गरेका स्थानीय सुदीप पन्तले बताउनुभयो । बेँसीसहर नगरपालिका-७ की अस्मिता थापाले भन्नुभयो, "सडक छेउमै झरना रहेकाले यसको आनन्द लिन प्रायः कोहीलेछुटाउँदैनन् ।" झरनाको शीतलतासँगै सेल्फी खिच्दा



मन आनन्दित हुने उहाँको भनाइ छ । त्यसैगरी अर्का पर्यटक शङ्कर श्रेष्ठले साथीभाइसँग झरनाको फोटो खिच्न र पौडी खेल्नरमाइलो हुने गरेको बताउनुभयो । झरना रहेको स्थल व्यवस्थित भने हुनसकेको छैन । पर्यटकईश्वरसेढाईंलेबाढीपहिरोका कारण सौन्दर्य नै परिवर्तन हुन थालेकाले यसलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । "यहाँ पौडी खेल्नमात्र नभई साहसिक खेल क्यानोनिङको पनि राम्रो सम्भावना छ", उहाँले भन्नुभयो । झरनालाई व्यवस्थित गर्न बेँसीसहर नगरपालिकाले प्रयास गरिरहेको नगरप्रमुख गुमानसिंह अर्यालले बताउनुभयो ।उहाँले भन्नुभयो, "झरना रहेको स्थल व्यवस्थित गर्न रु नौ लाख विनियोजन गरेका छौँ ।" झरनामा मर्स्याङ्दी नदीको पानी तानेर पानी निरन्तर झार्ने, झरना तल पोखरी निर्माण गर्ने, पार्किङस्थल बनाउनेलगायत नगरपालिकाका योजना छन् । सो झरनामा क्यानोनिङ तथा ज्यापिङ पनि सञ्चालन गर्ने तयारी छ । चक्रिय अन्नपूर्ण पदमार्गको प्रवेशद्धार लमजुङ बेँसीसहर रहेकाले यो बाटो हुँदै जाने विदेशी पर्यटकसमेत आकर्षित हुने नगरपालिकाको अपेक्षा छ । गाईखुरे झरना बर्सेनि असारदेखि असोजसम्म झर्ने गर्दछ । बाह्रै महिना झरना झर्ने बनाउन लागिएको नगरप्रमुख अर्यालले बताउनुभयो ।

# बागलुङको छुर्पीको माग उच्च भएपछि उत्पादन बढ्यो

पोखरापत्र संवाददाता
बागलुङ, २४ भाद्र

यस वर्ष बागलुङबाट रु ५४ लाख बराबरको छुर्पी निर्यात भएको छ । दूध र दुग्धजन्य पदार्थको बिक्री वितरण गर्दै आएको बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले आर्थिक वर्ष २०८१/८२ मा रु ५४ लाख ८८ हजार २४० बराबरको निर्यात गरेको सङ्घका अध्यक्ष दीपक गौतमले बताउनुभयो ।

अध्यक्ष गौतमका अनुसार बागलुङमा उत्पादित अधिकांश छुर्पी अमेरिका पुग्ने गरेको छ । अमेरिकामा कुकुरको मुख्य खानाका रूपमा रहेको छुर्पी नेपालबाट ठूलो मात्रामा निर्यात हुने गरेको छ । आव २०८०/८१ रु ३८ लाख ५४ हजारबराबरको छुर्पी



बिक्री गरेको सहकारीले अघिल्लो वर्षको तुलनामा यस वर्ष रु १६ लाखभन्दा बढीको छुर्पी बिक्री गरेको छ । दुग्ध सहकारीले यस वर्ष रु १० करोड ९९ लाख १७ हजार ८५५ बराबरको दूध र दुग्धजन्य वस्तुको कारोबार गरेको छ । उहाँका अनुसार सहकारीबाट दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवाको उत्पादन हुँदै आएको छ । त्यसमध्ये अन्तरराष्ट्रिय बजारमा सहकारीको छुर्पीको माग उच्च छ । छुर्पीको माग बढेपछि सङ्घले एक वर्षमा रु १६ लाखको छुर्पी उत्पादनमा वृद्धि गरेको हो । दुग्ध सहकारी सङ्घले बागलुङका १५ सहकारी संस्थाको दूध सङ्कलन गरेर दूध र दुग्धजन्य वस्तुको बिक्री गर्दै आएका छन् । जसमा एक हजार ५०० भन्दा बढी किसान आबद्ध छन् । हाल सहकारी सङ्घले छुर्पी प्रतिकिलो रु एक हजार २०० मा बिक्री गर्दै आएको छ । सहकारीमा आबद्ध किसानले दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् । सहकारी सङ्घमा १७ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको अध्यक्ष गौतमले बताउनुभयो । यस्तै आव २०७९/८० मा रु २ ९ लाखको छुर्पी निर्यात गर्न सफल भएको थियो ।

# तरकारी बेचेर जीविकोपार्जन गर्दै महिला

रासस
पाल्पा, २४ भाद्र

डुम्रेकी रमिता विकले तानसेनमा तरकारी र फलफूल बेचेर जीविकोपार्जन गर्दै आउनुभएको छ । "बिहानै गाउँबाट तरकारी ल्याएर छोरालाई खाना पकाएर खुवाएपछि डोको बोकेर निस्कन्छु", नारायणस्थानमा तरकारी बेच्दै गरेको अवस्थामा भेटिनुभएकी उहाँले भन्नुभयो, "दिनभरि बजार डुलाएर तरकारी, फलफूल बेच्छु । त्यही कमाइले छोराको पढाइ खर्च र बिहानबेलुका हातमुख जोड्छु, यो मेरो दैनिकी यही हो ।"

मदन पोखराकी सीता कुमाल पनि सिजनमा तरकारीको भारी बोकेर तानसेन बजार पुग्ने गर्नुहुन्छ । उहाँ बारीमा उत्पादित तरकारी बजारमा बिक्रीका लागि आफ्ना दौँतरीसँग बिहान ६ बजे गाउँबाट निस्किनुहुन्छ । 'तरकारी आयो तकारी आयो' भन्दै टोलटोल पुग्नुहुन्छ । "दिनकै हिँडेर तरकारी बेच्नु दुःख कष्ट त छ", उहाँले भन्नुभयो, "तर, गुजारा गर्न यत्ति गर्नै पऱ्यो ।" तानसेन नगरपालिका-११ बाँझाकी ३८ वर्षीया राधिका खाँती पनि दिनहुँजसो घरबाट तरकारी ल्याएर तानसेनस्थित शीतलपाटी नजिकै मन्दिर छेउमा बसेर बिक्री गर्नुहुन्छ । तरकारी बिक्री गरेर आएको पैसाले सहज रूपमा उहाँको घरको खर्च चलेको छ । "आम्दानीको स्रोत नहुँदा केही समयअघिसम्म घर खर्च चलाउन निकै गाह्रो थियो", उहाँले भन्नुभयो, "घर खर्चका लागि श्रीमान्को मुख ताक्नु पर्दथ्यो । तरकारी बेच्न थालेपछि श्रीमान्बाट घर खर्च माग्नु परेको छैन ।" खाँती आफैँले फलाएको र केही अन्य किसानले उत्पादन गरेको तरकारी सङ्कलन गरी तानसेनमा ल्याएर बिक्री गर्दै आउनुभएको हो । खाँतीले तरकारी बेचेर अहिले मासिक लाखौँ रुपैयाँ कमाउन थाल्नुभएको छ । मेहनत गरेमा किसानले आफ्नै बारीमा सुन फलाउन सक्छन् भन्ने उदाहरण उहाँ बन्नुभएको छ ।